**प्रस्तावहरुः**

२०८१।०८२-०३।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा

२०८१।०८२-०३।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।

२०८१।०८२-०३।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।

२०८१।०८२-०३।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।

२०८१।०८२-०३।०५ चाडपर्व व्यवस्थापन, रोटेपिङ निर्माण, शान्तिसुरक्षा कायम तथा शुभकामना आदानप्रदान सम्बन्धमा ।

२०८१।०८२-०३।०६ जग्गा बर्गीकरणको म्याद थप सम्बन्धमा ।

२०८१।०८२-०३।०७ गाउँपालिका भवन सम्बन्धमा ।

२०८१।०८२-०३।०८ आव २०८१/०८२ को न्युनतम समर्थन मुल्य सम्बन्धमा ।

२०८१।०८२-०३।०९ रूपा गाउँपालिका कास्कीमा रहेका नदिजन्य पदार्थहरुको उत्खनन्, संकलन तथा बिक्री बितरणका लागि आय ठेक्का प्रक्रिया सम्बन्धमा ।

२०८१।०८२-०३।१० तपसिलका कार्यबिधिहरू स्वीकृत सम्बन्धमा ।

तपसिलः

- कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८१
- किसान सञ्जाल गठन तथा परिचालन कार्यबिधि २०८१
- गर्भवती महिलालाई अण्डा वितरण सम्बन्धी कार्यबिधि २०८१
- गाउँघर क्लिनिङ/खोप क्लिनिङ सञ्चालन सम्बन्धी कार्यविधि २०८१
- स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यबिधि २०८१
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि २०८१
- रूपा गाउँपालिका कास्की मातहत सञ्चालन हुने आयोजनाहरूको बहुबर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड २०८१
- रूपा गाउँपालिका कास्कीका जेष्ठ नागरिकहरूलाई परिचयपत्र वितरण सम्बन्धी कार्यविधि संशोधन सम्बन्धमा ।

२०८१।०८२-०३।११ बिबिध सम्बन्धमा ।

बजार अनुगमन सम्बन्धमा।

प्रतिवेदन स्वीकृत तथा भुक्तानी सम्बन्धमा ।

लेखा परीक्षक नियुक्ति सम्बन्धमा ।

उपशीर्षक कायम सम्बन्धमा ।

रुपा गाउँपालिका कास्की

**निर्णयहरुः**

**कार्यपालिका निर्णय नं २०८१/०८२-०३।०१**

प्रस्ताव नं २०८१/०८२-०३।०१ उपर छलफल गर्दा १५३ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०३।०२**

प्रस्ताव नं २०८१/०८२-०३।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बो

धन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०३।०३**

प्रस्ताव नं २०८१/०८२-०३।०३ उपर छलफल गर्दा संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

**कार्यपालिका निर्णय नं २०८१/०८२-०३।०४**

प्रस्ताव नं २०८१/०८२-०३।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

तपसिलः

जिल्ला विपद् समितिको बैठक

संविधान दिवस मुल समारोह

पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठक

**कार्यपालिका निर्णय नं २०८१/०८२-०३।०५**

प्रस्ताव नं २०८१/०८२-०३।०५ उपर छलफल गर्दा गर्दा बि.स. २०८१ सालको बडा दशै, दिपावली, छठ लगायत नेपाल संवत् जस्ता चाडपर्वहरुको अवसरमा तपसिलका निर्णयहरु गरियो।

तपसिलः

क) चाडपर्व अवसरमा हुन सक्ने अपराधिक तथा हिंसात्मक घटनाहरु घट्न नदिइ प्रभावकारी शान्ति सुरक्षाको प्रत्याभुति गराउन यस गाउँपालिकामा रहेका भिरचोक प्रहरी चौकी, देउराली प्रहरी चौकी, हंसपुर प्रहरी चौकी, पोल्याङ अस्थायी प्रहरी चौकी र स्यात्री अस्थायी प्रहरी चौकीलाई पत्राचार गर्ने तथा उल्लिखित प्रहरी चौकीहरुलाई बिजयादशमीको पावन अवसरमा मौलो पूजाको लागि प्रति चौकी रकम रु ८,०००/- (अक्षरेपि आठ हजार मात्र) प्रदान गर्ने।

ख) परम्परादेखि निर्माण गरिदै आएका रोटेपिङहरुको संरक्षण तथा सम्बर्द्धन गरी उक्त पिङहरुको निर्माणमा प्रोत्साहन स्वरुप नयाँ पिङ तथा पुरानो पिङलाई मर्मत गरी रोटेपिङ निर्माण गरेमा प्रति रोटेपिङ रकम रु. १०,०००/- (अक्षरेपि दश हजार मात्र) भुक्तानी दिने निर्णय गरियो।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०३।०६</u>**

प्रस्ताव नं २०८१/०८२-०३।०६ उपर छलफल गर्दा रूपा गाउंपालिका भूउपयोग आधार तथा मापदण्ड, २०८१ बमोजिम यस गाउंपालिका अन्तर्गतका कित्ताहरुको जग्गा वर्गीकरण प्रारम्भिक मस्यौदा प्रतिवेदनमा उल्लेख भए अनुसार कृषि, आवासीय र व्यावसायिक लगायत क्षेत्रहरुको वर्गीकरणमा रहेका जग्गाहरुमध्ये जग्गाधनीको कित्ता छुट भएमा सच्चाउने अवधि मिति २०८१ कार्तिक ०७ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०३।०७</u>**

प्रस्ताव नं २०८१/०८२-०३।०७ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको प्रशासनिक भवनको डिपिआर तथा नक्सा स्वीकृतिको लागी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०३।०८</u>**

प्रस्ताव नं २०८१/०८२-०३।०८ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८१/०८२ को लागी तपसिल बमोजिमको न्युनतम समर्थन मुल्य कायम गर्ने निर्णय गरियो ।

**तपसिलः**

| **क्र सं** | **कृषि उपजको नाम** | **न्यूनतम समर्थन मूल्य रु. प्रति केजी** | **कैफियत** |
|---|---|---|---|
| १. | जेठोबूढो धान | ९५ | न्यूनतम समर्थन मुल्य भन्दा बजार मूल्य कम भएको अबस्थामा आफ्नो कृषि उपज बेच्न परेमा प्रमाणसहित निवेदन पेस गरी कम हुन आएको रकम गाउँपालिकाबाट प्राप्त गर्न सकिनेछ।<br><br>***नोटः*** बजार मूल्य भन्नाले कृषि बजार सूचना व्यवस्थापन प्रणाली पोखरा अन्तर्गत **किसान बजारको मूल्य सुची**लाई आधार मानिने छ। |
| २. | खाद्यान्न मकै | ५५ | |
| ३. | गहुँ | ६० | |
| ४. | कोदो | ९० | |
| ५. | फापरकागुनो/ | १२५ | |
| ६. | तोरी | १८४ | |
| ७. | काउली | २२ | |
| ८. | बन्दा | १६ | |
| ९. | रायोसाग | १५ | |
| १०. | गोलभेडा | ३७ | |
| ११. | सिमी | ५५ | |
| १२. | घिरौंलालौका/ | २० | |
| १३. | काँक्रो, करेला | २२ | |
| १४. | पिँडालुतरुल/ | १५ | |
| १५. | मूला | १२ | |

रुपा गाउँपालिका कास्की

| | | | |
|---|---|---|---|
| १६. | आलु | २७ | |
| १७. | अदुवा | ४५ | |
| १८. | बेसार | ४५ | |
| १९. | खुर्सानी | ६५ | |
| २०. | लसुन | २०० | |
| २१. | प्याज | ४५ | |
| २२. | मह(प्रशोधित) | ९०० | |
| २३. | कन्ये च्याउ | १५० | |
| २४. | गोब्रे च्याउ | २६० | |
| २५. | मासको दाल | १५० | |
| २६. | भटमास | १०० | |
| २७. | बाँसको तामा | २० | |
| २८. | गाईको दुध | रु ६०(प्रति लि) | |
| २९. | भैंसीको दुध | रु ८०(प्रति लि) | |
| ३०. | जिउदो ब्रोइलर कुखुरा मासु | रु १२० प्रति के.जी. | |
| ३१. | अन्डा | रु २८०(प्रति क्रेट) | |

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०३।९</u>**

प्रस्ताव नं २०८१/०८२-०३।९ उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीमा रहेका नदिजन्य पदार्थहरुको उत्खनन्, संकलन तथा बिक्री बितरणका लागि हेड जियो इन्जिनियरिङ सोलुसन प्रा. लि. काठमाडौं नेपालद्वारा पेस गरेको रूपा गाँउपालिकामा पर्ने मादी नदीका विभिन्न बगर क्षेत्रबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन् तथा संकलन् गर्नको लागि परीमाण एकिन कार्यको प्राविधिक अध्ययन प्रतिवेदन स्वीकृत गरी सो बमोजिम ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०३।१०</u>**

प्रस्ताव नं २०८१/०८२-०३।१० उपर छलफल गर्दा रूपा गाउँपालिका कास्कीका तपसिलका कार्यबिधिहरू संशोधन सहित स्वीकृत गरियो ।

**तपसिलः**

- कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यबिधि २०८१
- किसान सञ्जाल गठन तथा परिचालन कार्यबिधि २०८१
- गर्भवती महिलालाई अण्डा वितरण सम्बन्धी कार्यबिधि २०८१

रुपा गाउँपालिका कास्की

- गाउँघर क्लिनिक २०८१खोप क्लिनिङ सञ्चालन सम्बन्धी कार्यबिधि /
- रूपा गाउँपालिका कास्कीको नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यबिधि २०८१
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि २०८१
- रूपा गाउँपालिका कास्की मातहत सञ्चालन हुने आयोजनाहरूको बहुबर्षीय ठेक्का व्यवस्थापन सम्बन्धी मापदण्ड २०८१
- पेस भएबमोजिम रूपा गाउँपालिका कास्कीका जेष्ठ नागरिकहरूलाई परिचयपत्र वितरण सम्बन्धी कार्यविधि तपसिल बमोजिम संशोधन सहित स्वीकृत गरियो ।

**तपसिलः**

| **कार्यविधि** | **दफा** | **अवस्था** | **संशोधन गरिएको** | **कारण** |
|---|---|---|---|---|
| ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि-२०८० | ८ ग | ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी महिला बालबालिका तथा सामाजिक विकाश शाखाको प्रमुखको सिफारिसमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी हुनेछ । | ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सम्बन्धित वडाको वडा सचिव हुनेछ | परिचयपत्र वितरण प्रक्रियालाई सहज र छरितो बनाउन । |

**<u>कार्यपालिका निर्णय नं २०८१/०८२-०३।११</u>**

प्रस्ताव नं २०८१/०८२-०३।११ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँ कार्यपालिकाको मिति २०८१ भदौ ०७ गतेको निर्णयानुसार चाडपर्वको समयमा हुन सक्ने कालोबजारी तथा रूपाबासीको स्वास्थ्यलाई ख्याल गर्दै मिति २०८१ असोज १३ गतेदेखि रूपा गाउँपालिका कास्कीका सम्पुर्ण वडाहरूमा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा बजार अनुगमन सञ्चालन गर्ने निर्णय गरियो ।सो कार्यको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट प्राविधिक खटाउन पत्राचार गर्ने निर्णय गरियो ।

ख) माध्यमिक तह सञ्चालित विद्यालयहरुको समग्र शैक्षिक अवस्था पहिचान र भावी कार्ययोजना निर्माणका लागि शिक्षा समितिका पदाधिकारी सम्मिलित पाँच सदस्यीय कार्यदललाई २ महिनाको सीमाभित्र प्रतिवेदन पेस गर्नेगरी जिम्मेवारी तोकिएकोमा उक्त कार्यदलले तोकिएको जिम्मेवारी पुरा गरी रूपा गाउँ शिक्षा समितिमार्फत पेस भएको प्रतिवेदन स्वीकृत गरी तथ्याङ्क सङ्कलन तथा अनुगमनका क्रममा विभिन्न विद्यालयहरूमा जाँदा लागेको खाना र खाजा खर्च, प्रश्नावली निर्माण, तथ्यांक संकलन, सम्पादन, प्रतिवेदन लेखन कार्यमा संलग्न भएबापत नियमानुसारको बैठक भत्ता र खाजा खर्च व्यवस्थापनका लागि बैठकको निर्णय तथा बिलभरपाईका आधारमा भुक्तानी दिने र कार्यदलमा रहेका विज्ञ सदस्य श्री राधाकृष्ण

लामिछानेलाई नेपाल सरकारको उपसचिव सरहले पाउने २ महिना बराबरको रकम रु (४८७३७*२) ९७४७४ मा १५% कर कट्टी तथा श्री महेन्द्र कुमार श्रेष्ठलाई नेपाल सरकारको शाखा अधिकृत बराबरको हुन आउने रकम रू ४३६८९ मा १५% करकट्टी गरी भुक्तानी दिने निर्णय गरियो ।

ग) रूपा गाउँपालिका वडा नं १ जोड्ने बाटोको प्राविधिकले तयार पारेको लागत अनुमान स्वीकृत गरी वहुवर्षीय ठेक्का प्रक्रियामा जाने निर्णय गरियो ।

घ) रूपा गाउँपालिका कास्कीमा रहेका विद्यालयहरूको आर्थिक वर्ष २०८०/०८१ को लेखा परिक्षणको लागि लेखा परिक्षक नियुक्ति गर्ने प्रयोजनार्थ पेस भएबमोजिमका तपसिलका लेखा परिक्षकहरू छनौट गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र. सं. | विद्यालयको नाम ठेगाना | लेखा परीक्षकको नाम | कम्पनीको नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | सरस्वती आवि रुपा ७ | भरतराज बराल | बी आर बराल एण्ड एशोसिएट्स | पोखरा ७ | ९८५६०४१३२९ |
| २ | रामकोट मावि रुपा ७ | बैकुण्ठनाथ आचार्य | बैकुण्ठ एण्ड पि के कम्पनी | पोखरा३३ | ९८५६०३३८०५ |
| ३ | अरुणोदय आवि रुपा ७ | लिल बहादुर थापा | एल बी थापा एण्ड एशोसिएट्स | पोखरा१० | ९८४६३२४४३८ |
| ४ | इन्द्रायणी आ वि रुपा ७ | प्रेम जि सी | प्रेम जिसी एण्ड एशोसिएट्स | पोखरा ९ | ९८४६०२८९४३ |
| ५ | देउराली आवि रुपा ७ | सर्वेश कोईराला | सर्वेश एण्ड एशोसिएट्स | पोखरा | ९८५६०८६८०६ |
| ६ | रिठुमाला आवि रुपा १ | हरि प्रसाद अधिकारी | एच अधिकारी एण्ड एशोसिएट्स | पोखरा | ९८४६१२४८१२ |
| ७ | कालिका मावि रुपा १ | बन्धुराज रेग्मी | बन्धु आर रेग्मी एण्ड एशोसिएट्स | पोखरा | |
| ८ | सरस्वती आवि रुपा १ | ढाकामोहन सुवेदी | ढाकामोहन एण्ड एशोसिएट्स | पोखरा | ९८४६२६७१४० |
| ९ | चण्डी आ वि रुपा १ | लक्षमण प्रसाद अधिकारी | लक्षमण अधिकारी एण्ड एशोसिएट्स | पोखरा | ९८४६०२७५९५ |
| १० | जटेश्वर मावि रुपा १ | भवानी प्रसाद मरासिनी | वीपी एम एण्ड एशोसिएट्स | काठमाडौ | ९८५१२१६३३५ |
| ११ | शिवालय मावि रुपा २ | दिपेन्द्र तिमिल्सेना | तिमिल्सेना एण्ड एशोसियट्स | पोखरा २६ | ९८४६१४१७३८ |
| १२ | कुलेश्वर आवि रुपा २ | भगवान अधिकारी | बी ए एण्ड एशोसिएट्स | पोखरा | ९८४६१२१८१२ |
| १३ | शारदा आ वि रुपा ६ | गुरुप्रसाद पौडेल | जी पी पौडेल एण्ड एशोसिएट्स | पोखरा | ९८४६०५८७६१ |
| १४ | चन्द्रप्रभा मा वि रुपा ६ | नेत्र नारायण सुवेदी | एस एन एशोसिएट्स | पोखरा ७ | ९८५६०२६९५० |
| १५ | पृथ्विरुपा मा वि रुपा ६ | यामनारायण लामिछने | वाई एन लामिछाने एण्ड एशोसोएट्स | पोखरा १७ कास्की | ९८५६०४४३९० |
| १६ | कमल आ वि रुपा ६ | झलकनाथ पौडेल | जे एन पौदेल एण्ड एशोसिएट्स | पोखरा | ९८५६०६५१८६ |
| १७ | रुपाज्योति मावि रुपा ६ | रमेश प्रसाद ढकाल | रमेश एशोसिएट्स | पोखरा | ९८५६०१५७६८ |
| १८ | सुर्योदय आवि रुपा ६ | एक नारायण पौडेल | ई एन पौडेल एण्ड एशोसिएट्स | स्याङ्जा | ९८४६०६०१५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | गाउफर्क आवि रुपा ५ | दुर्गादत्त अधिकारी | डीडीए एशोसिएट्स | पोखरा | ९८४६०२९१०५ |
| २० | विश्वशान्ति मा वि रुपा ५ | कृष्णराज ढुङगाना | कृष्णराज ढुङगाना एण्ड एशोसिएट्स | पोखरा | ९८५६०२३०४४ |
| २१ | विरेन्द्र आ वि रुपा ५ | केशवराज ढुङगाना | के आर डी एण्ड एशोसिएट्स | पोखरा | ९८४६०३०३७१ |
| २२ | भैरवी आ वि रुपा ५ | क्षेत्रनाथ सुवेदी | के एन एस एण्ड एशोसिएट्स | पोखरा | ९८५६०००३३२ |
| २३ | महेन्द्र आवि रुपा ४ | दिपक बहादुर लामिछने | दिपक एशोसिएट्स | पोखरा | ९८५६०२५३७१ |
| २४ | गाउफर्क मावि रुपा ४ | दुर्योधन गिरी | डी गिरी एण्ड एसोसिएट्स | पोखरा | ९८४६०६३०३० |
| २५ | जनता मा वि रुपा ३ | लक्ष्मण प्रसाद कोईराला | एल पी कोईराला एण्ड एशोसिएट्स | पोखरा | ९८४६०२७२९३ |
| २६ | वागेश्वरी आ वि रुपा ३ | लक्ष्मण अधिकारी | लक्ष्मण अधिकारी एण्ड एशोसिएट्स | पोखरा | ९८५१२१६३३५ |
| २७ | माइमैदान आवि रुपा ३ | कृष्ण प्रसाद ढुङ्गाना | के पि ढुङ्गाना एण्ड एसोसिएट्स | पोखरा कास्की | ९८४१४५३५५० |
| २८ | कल्प आ वि रुपा ४ | ईन्द्र बहादुर रानाभट | आई बी एण्ड एशोसिएट्स | पोखरा २६ | ९८५६०२३५२४ |

ङ) गण्डकी प्रदेश सरकारबाट आर्थिक वर्ष २०८१/०८२ को लागि विशेष अनुदान मार्फत मौरी प्रवर्धन, मौरीजन्य उत्पादन, ब्रान्डिङ, वितरण, अनुगमन तथा यान्त्रीकरण शीर्षकमा रकम रू २५ लाख र मौरी प्रवर्धन रैथाने बाली संरक्षण तथा प्रवर्धन कार्यक्रम शीर्षकमा रकम रू १५ लाख विनियोजन भएकोमा उक्त बजेट शीर्षकलाई तपसिल बमोझिम उपशीर्षकहरू कायम गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिलः**

**मौरी प्रवर्धन, मौरीजन्य उत्पादन, ब्रान्डिङ, वितरण, अनुगमन तथा यान्त्रीकरण**

| क स | कार्यक्रमको उपशीर्षक | कायम बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | मौरी सामग्री(मह, मदानी, घुम्टी, पन्जा, धुँवादानी, चक्कु, मह छान्ने जाली, मह भण्डारण गर्ने भाँडो, कृत्रिम आधारचाका निर्माण तथा खाली घार) | १२ लाख | |
| २ | मह प्रशोधन केन्द्र स्थापना तथा मह ब्रान्डिङ | १० लाख | |
| ३ | तालिम तथा भ्रमण | २ लाख | |
| ४ | अनुगमन तथा मुल्याङ्कन | १ लाख | |
| | जम्मा | २५ लाख | |

**मौरी प्रवर्धन रैथाने बाली संरक्षण तथा प्रवर्धन कार्यक्रम**

| क स | कार्यक्रमको उपशीर्षक | कायम बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | रैथानै बाली उत्पादन प्रवर्धन (विउ विजन,र मल वितरण, यान्त्रीकरण हस्तान्तरण प्रशोधन, प्याकेजिङ तथा भण्डारण सामग्री हस्तान्तरण आदि)जैविक विविधता प्रदर्शनी तथा अभिमुखीकरण | ६ लाख ५० हजार | |
| २ | मौरी चरनका लागि उपयुक्त हुने बाली बिरूवाको विउ तथा वेर्नाहरू वितरण | ३ लाख १० हजार | |

रुपा गाउँपालिका कास्की

| | | | |
|---|---|---|---|
| ३ | तालिम तथा भ्रमण | ४ लाख ८० हजार | |
| ४ | अनुगमन तथा मुल्याङ्कन | ६० हजार | |
| | जम्मा | १५ लाख | |

मिति २०८१ असोज ०७ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(चिरन्जीवी बराल)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की